# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या-४९६ मितिः २०६६/३/९

**श्री इजाजतपत्र प्राप्त सबै "क" वर्गका वाणिज्य बैंक, एयरलाइन्स तथा सो का जि.एस.ए/पि.एस.ए., कार्गो तथा कुरियर कम्पनी र ट्राभल टूर तथा ट्रेकिङ्ग एजेन्सीहरु ।**

**विषयः बिदेशी मुद्रा कारोवार तथा रिप्याट्रिएशन सम्बन्धी व्यबस्था बारे ।**

महाशय,

यस बैंकवाट इजाजतपत्र प्राप्त बिभिन्न निकायहरुले गर्ने बिदेशी मुद्रा कारोवार तथा रिप्याट्रिएशन सम्बन्धमा मिति २०६६/०३/१७ तदनुसार १ जुलाई २००९ देखि लागू हुने गरी देहायका व्यबस्थाहरु गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. हवाई टिकेटिङ्ग तथा कार्गो, कुरीयर सेवाको मुल्य निर्धारण तथा रिप्याट्रिएशन व्यबस्था**

(क) सेवा मूल्य निर्धारण

नेपालमा सेवा प्रदान गर्न इजाजतपत्र प्राप्त अन्तरराष्ट्रिय वायुसेवा तथा कार्गो /कुरीयर एजेन्सीहरुले आफ्नो सेवा मूल्य नेपाली रुपैयाँमा तोक्नु पर्नेछ ।

(ख) अन्तरराष्ट्रिय हवाई टिकट बिक्रीको रिप्याट्रिएशन

इजाजतपत्र प्राप्त ट्राभल टूर एजेन्सीले हवाई टिकट विक्री गरी संकलन गरेको रकम आफ्नो कमिशन आदि कटाई सम्वन्धित एयरलाइन्स तथा तिनका जि.एस.ए/पि.एस.ए. लाई सोभै वा अन्य कुनै संरचनावाट भुक्तानी गर्नु पर्दा देहायबमोजिम गर्नु पर्नेछ ।

ट्राभल/टूर एजेन्सी तर्फ

(१) नेपाली रुपैयामा गरेको बिक्रीको रिप्याट्रिएशन नेपाली रुपैयामै गर्नु पर्नेछ ।

(२) बिदेशी मुद्रामा गरेको बिक्रीको रिप्याट्रिएशन बिदेशी मुद्रामै गर्नु पर्नेछ ।

(३) रिप्याट्रिएशन मांग गर्दा संलग्न रिप्याट्रिएशन फा.नं. १ बमोजिमको बिबरण भर्नु पर्नेछ ।

वायु सेवा तथा जि.एस.ए/पि.एस.ए तर्फ

(१) आफैले बिक्री गरेको आफ्नो हवाई टिकटको बिबरण रिप्याट्रिएशन फा.नं. १ मा भर्नु पर्नेछ ।

क्रमशः

(२) आफैले बिक्री गरेको आफ्नो कार्गो/कुरीयरको बिबरण रिप्याट्रिएशन फा.नं. २ र ३ मा भर्नु पर्नेछ ।

(३) एजेन्टहरुले बिक्री गरेका हवाई टिकट तथा कार्गो कुरीयर सम्बन्धी बिबरण संलग्न रिप्याट्रिएशन फा.नं. ४ मा भर्नु पर्नेछ ।

(४) माथि उल्लिखित बिबरणहरु अनुसार बिदेश स्थित आफ्नो प्रिन्सिपल कम्पनीलाई सोभैै वा अन्य संरचना मार्फत रिप्याट्रिएशन गर्दा संलग्न रिप्याट्रिएशन फा.नं. ५ बमोजिमको बिबरण भर्नु पर्नेछ ।

(ग) कार्गो/कुरीयर बिक्रीको रिप्याट्रिएशन

इजाजतपत्र प्राप्त ट्राभल/टुर र कार्गो/कुरीयर एजेन्टहरुले बिदेशी मुद्रामा कार्गो तथा कुरीयर सेवा विक्री गरी संकलन गरेको बिदेशी मुद्रा मध्ये आफ्नो कमिशन,शुल्क आदि कटाई सम्वन्धित बिदेशी एयरलाइन्स तथा तिनका जि.एस.ए /पि.एस.ए.लाई सोभैै वा अन्य कुनै संरचना मार्फत भुक्तानी गर्नु पर्दा देहायबमोजिम गर्नु पर्नेछ ।

(१) नेपाली रुपैयामा गरेको बिक्रीको रिप्याट्रिएशन संलग्न रिप्याट्रिएशन फा.नं. ३ बमोजिमको बिबरण भरी नेपाली रुपैयामै गर्नु पर्नेछ ।

(२) बिदेशी मुद्रामा गरेको बिक्रीको रिप्याट्रिएशन संलग्न रिप्याट्रिएशन फा.नं. २ बमोजिमको बिबरण भरी बिदेशी मुद्रामै गर्नु पर्नेछ ।

(३) उल्लिखित बिबरणहरुका साथ देहाए बमोजिमका सम्बन्धित कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) कार्गो कम्पनीहरुले जारी गर्ने हाउस एयरवे वील तथा एयरलाइन्सहरुले जारी गर्ने मास्टर एयरवे वील, वील अफ लेडिङ्ग ।

(ख) कुरीयरको हकमा सम्बन्धित संस्थाबाट जारी भएको वील / विजक ।

(ग) नेपाल बाहिरबाट हुने ढुवानी (कार्गो/कुरीयर) को हकमा बैंकवाट जारी भएको CPMT ।

(घ) दृश्यावलोकन/पैदलयात्रा लगायत अन्य पर्यटकीय सेवा बिक्रीको रिप्याट्रिएशन

इजाजतपत्र प्राप्त ट्राभल/टूर लगायतका एजेन्सीले देश वाहिर उपलव्ध गराउने दृश्याबलोकन/पैदल यात्रा लगायतका बिबिध पर्यटकीय सेवा वापत बिदेशस्थित एजेन्टलाई भुक्तानी गर्नु पर्दा देहाय बमोजिम गर्नु/ गराउनु पर्नेछ :-

(१) सम्बन्धित ट्राभल/टूर एजेन्टको नाममा बिदेशवाट सो प्रयोजनको लागि प्राप्त बिदेशी मुद्रा भन्दा बढी नहुने गरी मात्र भुक्तानी पठाउन सकिनेछ ।

(२) भुक्तानी प्राप्त गर्नु पर्ने बिदेशस्थित एजेन्टले सम्बन्धित ट्राभल/टूरको नाममा जारी गरेको इन्भ्वाइसको आधारमा मात्र भुक्तानी पठाउन सकिनेछ ।

क्रमशः

(३) उधारोमा उपलव्ध गराएको सेवा वापतको भुक्तानी उधारो असुल भएपछि मात्र पठाउन सकिनेछ ।

(ङ) वाणिज्य बैंकहरुवाटै रिप्याष्ट्रिएशन प्राप्त हुने

इजाजतपत्र प्राप्त निकायहरुले माथि उल्लिखित खण्ड (ख),(ग) र (घ) बमोजिमको प्रकृया पूरा गरी वाणिज्य बैंकहरुसंग रिप्याष्ट्रिएशन मांग गर्नु पर्नेछ । यसरी मांग भए बमोजिमको रिप्याष्ट्रिएशन सम्बन्धित वाणिज्य बैंकहरुले प्रचलित बिनिमय दरमा उपलव्ध गराउनु पर्नेछ ।

(च) खाताको किसिम र सञ्चालन व्यबस्था

हवाई टिकेटिङ्ग तथा पर्यटकीय सेवा सञ्चालन गर्ने इजाजतपत्र प्राप्त विभिन्न निकायहरूमध्ये प्रचलित व्यवस्था अनुसार रिप्याट्रिएशन लिनुपर्ने विभिन्न निकायहरू (जस्तैः एयरलाईन्स तथा तिनका जि.एस.ए./पि.एस.ए ट्राभल/ट्रेकिङ्ग तथा कार्गो / कुरीयर लगायतका एजेन्सीहरुले विदेशी मुद्रा खाता सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(१) बिदेशी मुद्रामा भुक्तानी लिई गरिने कारोवार

(क) बिदेशी मुद्रामा आफ्नो सेवा उपलव्ध गराउने निकायहरूले परिवर्त्य विदेशी मुद्राको Repatriable खाता अनिवार्य रुपमा खोली सोही खातावाट मात्र रिप्याष्ट्रिएशन गर्नु पर्नेछ । सेवा विक्री वापत प्राप्त हुने बिदेशी मुद्रा आर्जन जम्मा गर्ने प्रयोजनको लागि बेग्लै आर्जन खाता समेत खोल्न सकिनेछ।

(ख) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी हवाई टिकट, कार्गो/कुरियर लगायत बिबिध पर्यटकीय सेवा बिक्री गरी प्राप्त हुन आएको विदेशी मुद्रा Repatriable खातामा र रिप्याट्रिएशन प्रक्रिया पूरा भई रिप्याट्रिएशन प्रदान गरी सकिएपछि बचत रहेको वा सेवा विक्री वापत प्राप्त हुने आर्जन रकम आफ्नो विदेशी मुद्रा आर्जन खातामा जम्मा/रकमान्तर गर्नुपर्नेछ ।

(ग) रिप्याट्रिएवल खातामा रहेको रकम मध्येबाट कुनै रकम खातावालाले आफ्नो आर्जन खातामा रकमान्तर गर्ने वा नेपाली रूपैयाँमा सटही गर्न सक्नेछन् । तर, नेपालवाहिर भुक्तानी हुने गरी रिप्याट्रिएशन गर्नु परेमा दफा १ मा उल्लिखित कार्यविधि पूरा गरी रिप्याट्रिएवल खाताबाट मात्र गर्नुपर्नेछ ।

(घ) विदेशी मुद्रा आर्जन खाताबाट रिप्याट्रिएशन खातामा रकम ट्रान्सफर गर्न र सो खातावाट रिप्याट्रिएशन गर्न पाइने छैन ।

क्रमशः

(ङ) आर्जन खाताबाट खातावालाले विदेश भ्रमणबापत पाउने सटही सुविधा यस विभागको इ.प्रा.परिपत्र संख्या ४१६ को व्यवस्थाअनुसार हुनेछ ।

(च) रिप्याट्रिएशन लिनु पर्ने इजाजतपत्र प्राप्त निकायहरूले यस बैंकबाट स्वीकृति लिई एक वा सोभन्दा बढी बैंक/वित्तीय संस्थामा अमेरिकी डलरमा खाता खोल्न पाउनेछन् ।

(२) <u>नेपाली रुपैया भुक्तानी लिई गरिने कारोवार</u>

नेपाली रुपैयामा बिक्री भएको अन्तरराष्ट्रिय हवाई टिकट तथा बिबिध पर्यटकीय सेवा बिक्रीबाट प्राप्त रकम नेपाली रूपैयाँ खातामा जम्मा गरी सोही खातावाटैं रिप्याट्रिएशन गर्नुपर्नेछ ।

## २. <u>बिबिध व्यबस्था</u>

(क) सेवा तथा उत्पादन विक्रीको बिल/बिजक जारी गर्दा प्रचलित बिनिमय दरमा भुक्तानी लिनु/दिनु पर्नेछ ।

(ख) बिदेशी मुद्रामा रिप्याष्ट्रिएशन सुविधा मांग गर्ने निकायहरु यस बैंकवाट बिदेशी मुद्रा कारोवार गर्ने इजाजतपत्र लिई अध्यावधिक नविकरण समेत भएको हुनु पर्नेछ ।

(ग) नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल आयल निगम लि., ग्राउण्ड ह्याण्डलिङ्ग एजेन्ट, क्याटरिङ्ग कम्पनी/एजेन्ट लगायत अन्य सेवा प्रदायकवाट अन्तरराष्ट्रिय विमान स्थलमा उपलव्ध हुने अवतरण/विसान, नेभिगेशन/हाउजिङ्ग, ग्राउण्ड ह्याण्डलिङ्ग क्याटरिङ्ग, फ्यूलिङ्ग लगायतका बिबिध सेवा/उत्पादनहरुको बिल/बिजक जारी गर्दा बिदेशी मुद्रा तथा बिल जारी गरेको दिनको प्रचलित विनिमय दरको आधारमा नेपाली रुपैयाँ दुवैमा गर्नु पर्नेछ र बिदेशी एयरलाइन्स तथा तिनका जि.एस.ए/पि.एस.ए.ले यस्तो बिलको भुक्तानी नेपाली रुपैयाँ वा विदेशी मुद्रामा गर्न सक्नेछ । तर, नेपालमा शाखा/सम्पर्क कार्यालय वा जि.एस.ए./पि.एस.ए. नभएका र नियमित सेवा संचालन नगर्ने अन्तरराष्ट्रिय वायुसेवा कम्पनी वा सो का एजेन्ट वा अन्य संघ/संस्था तथा व्यक्तिले संचालन गर्ने चार्टर्ड लगायतका अन्य उडानहरुलाई उपलव्ध गराउने सेवा/उत्पादनको भुक्तानी भने बिदेशी मुद्रा मै लिनु/ दिनु पर्नेछ ।

(घ) भारतीय बाहेक अन्य बिदेशी नागरिकलाई उपलव्ध गराएको सेवा/उत्पादनको भुक्तानी सेवा/उत्पादन उपलव्ध गराएको दिनको प्रचलित बिनिमय दरको आधारमा बिदेशी मुद्रामा लिनु पर्नेछ ।

(ङ) भारतीय बाहेक अन्य विदेशी नागरिकहरूले उपयोग गरेका सेवाको बीलको भुक्तानी विदेशी मुद्रा सटही गरेको रूपैयाँमध्येबाट गर्न चाहेमा विदेशी मुद्रा सटही गरेको इन्क्यासमेण्ट रसिद (Foreign Exchange Encashment Receipt -FEER) भिडाई सटही

क्रमश:

गरेको रकमले खाम्नेसम्मको रकम मात्र नेपाली रूपैयाँमा भुक्तानी लिन सकिनेछ । यसरी बीलको भुक्तानी रूपैयाँमा लिएमा उक्त बीलको पछाडी सम्बन्धित इन्क्यासमेण्ट रसिद (FEER) को नम्बर, मिति, विदेशी मुद्रा रकम र सटही गरी लिने संस्थाको नाम समेत उल्लेख गरी आफ्नो रिकर्डमा जनाउनुको साथै इन्क्यासमेन्ट रसिदमा पनि उपयोग भएको रकम र आफ्नो संस्थाको नाम, बील नम्बर तथा मिति अनिवार्यरूपले जनाउनु पर्नेछ ।

(च) इजाजतपत्र प्राप्त निकायले खण्ड (ङ) अनुसार बीलको भुक्तानी रूपैयाँमा स्वीकार गर्नुपर्दा सम्बन्धित विदेशी नागरिकको इन्क्यासमेन्ट रसिदको प्रतिलिपि लिनुपर्नेछ र यस बैंकमा पेश गर्नुपर्ने मासिक विवरणको साथमा सो रसिद पनि पेश गर्नुपर्नेछ ।

(छ) अन्तर्राष्ट्रिय सङ्घ संस्था वा कूटनीतिक नियोग आदि विदेशी संस्थामा ६ महिनाभन्दा बढी समयसम्म कामकाज गरी नेपालमा बसेको यकिन भएमा ती विदेशीहरूबाट अन्तर्राष्ट्रिय उडान र कार्गोबाहेक अरू बीलको भुक्तानी रूपैयाँमा पनि लिन सकिनेछ ।

(ज) बिदेशी नियोग, अन्तरराष्ट्रिय संघ संस्थाहरुलाई उपलब्ध गराएको सेवा/उत्पादन मूल्यको बिल/बिजक जारी गर्दा नेपाली रुपैयाँ तथा बिल जारी गरेको दिनको प्रचलित बिनिमय दरको आधारमा हुने बिदेशी मुद्रा दुवैमा उल्लेख गर्नु पर्नेछ । यस्तो बिल/बिजकको भुक्तानी सम्वन्धित पक्षले नेपाली रुपैयाँ वा बिदेशी मुद्रामा गर्न सक्नेछन् ।

(झ) नेपाली नागरिकहरूलाई अन्तरराष्ट्रिय हवाई टिकट जारी गर्दा हवाई टिकटमा स्पष्ट देखिने गरी ***"टिकट रद्द गर्नुपरेमा राहदानीबापत लिएको विदेशी मुद्रा फिर्ता बुझाएको प्रमाण पेश गर्नुपर्नेछ"*** भन्ने व्यहोराको छाप लगाउनुपर्नेछ ।

(ञ) विदेश भ्रमणमा जाने व्यक्तिहरूलाई राहदानीबापत प्रदान गरेको विदेशी मुद्रा सम्बन्धित व्यक्तिहरूले बैंक दाखिला (फिर्ता) गरेको प्रमाण पेश नगरेसम्म हवाई टिकट रद्द गर्न र सोबापतको रकम रिफण्ड गर्न नमिल्ने भएकोले सम्बन्धित व्यक्तिको पासपोर्ट र हवाई टिकट हेरी सटही सुविधा उपयोग नगरेको खण्डमा मात्र रिफण्ड प्रदान गर्न पाइनेछ । विदेशी मुद्रा बैंक दाखिला गरेको प्रमाण र रद्द गरिएका टिकटहरू (विदेशी मुद्रा सटही सुविधा उपयोग गरेको वा नगरेको) रद्द गरिएको मितिले कम्तिमा ६ महिनाको अवधिसम्म अनिवार्य रूपमा सुरक्षित राख्नुपर्नेछ । रद्द गरिएका त्यस्ता टिकटहरूको मासिक विवरण सम्बन्धित एयरलाइन्सले यस विभागमा अर्को महिनाको मसान्तभित्र अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

(ट) APMT लगायतका Repatriation माग गर्दा तयार गरिएका कागजातहरू यस बैंकले निरीक्षण गर्न खोजेको समयमा देखाउन सक्ने गरी सम्बन्धित इजाजतप्राप्त निकायले नै घटीमा ३ वर्षसम्म अनिवार्य रूपमा सुरक्षित तवरले राख्नुपर्नेछ । यस बैंकले निरीक्षण गर्न खोजेको समयमा उपरोक्त प्रकारका कागजातहरू उपलब्ध गराउन नसकेमा वा बैंकले निरीक्षण गर्दा अनियमितता गरेको पाइएमा जुनसुकै बखत विदेशी मुद्रा कारोवार गर्ने इजाजतपत्र रद्द गरी कारबाही अगाडी बढाउन सकिनेछ ।

(ठ) सबै इजाजतपत्र प्राप्त इकाइहरूले विदेशी मुद्राको यात्रुचेक सटही गरी लिने बित्तिकै चेकको पछाडि अफिसको छाप लगाउनुपर्नेछ ।

(ड) विदेशी पर्यटकहरूलाई पुऱ्याएको सेवाबापत नेपाली ट्राभल/टूर एजेन्सीहरूलाई

क्रमशः

होटेलहरूले परिवर्त्य विदेशी मुद्रामा समेत बिलिङ्ग गर्न सक्नेछन् । विदेशी मुद्रामा गरेको बिलिङ्गको भुक्तानी बैंक खाता मार्फत परिवर्त्य विदेशी मुद्रामा गर्नुपर्नेछ ।

(ढ) ट्राभल/टूर एजेन्सीहरुले बिदेशी मुद्रामा बिक्री गरेका आन्तरिक उडानको हवाई टिकटको रकम सम्बन्धित वायुसेवालाई भुक्तानी गर्दा आफ्नो बैंक खाता मार्फत अमेरिकी डलरमा नै भुक्तानी गर्नुपर्नेछ ।

(ण) इजाजतपत्र प्राप्त निकायहरूले भारतीयबाहेक अन्य विदेशी नागरिकहरूले बीलको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा मात्र गर्नुपर्नेछ भन्ने सूचना ठूलो अक्षरमा साईन बोर्ड लेखी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

*सूचनाको नमूनाः*

| |
|---|
| **FOREIGNERS OTHER THAN INDIAN NATIONAL ARE REQUIRED TO PAY THEIR BILLS IN CONVERTIBLE CURRENCY ONLY.** |

(त) यस व्यबस्था बमोजिम रिप्याट्रिएशन पाउने पक्ष भारतीय भएमा भारतीय रुपैयामा मात्र रिप्याष्ट्रिएशन सुविधा उपलव्ध गराउनु पर्नेछ ।

(थ) इजाजतपत्र प्राप्त सबै निकायहरूले आर्जन गरेको विदेशी मुद्रा रकम यथाशीघ्र आफ्नो बैंकस्थित परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्नुपर्नेछ ।

## ३. खारेजी र बचाऊ

(क) उल्लिखित बिषयमा यस बैंकवाट जारी गरिएका देहायका परिपत्रहरु मिति २०६६/०३/१७ तदानुसार १ जुलाई २००९ देखि लागू हुने गरी खारेज गरिएको छ ।

| परिपत्र संख्याः : | मितिः |
|---|---|
| इ.प्रा. परिपत्रसंख्याः ४३५ | २०६३।१२।११ |
| इ.प्रा. परिपत्रसंख्याः ४७४ | २०६५।२।२८ |
| इ.प्रा. परिपत्रसंख्याः ४८३ | २०६५।९।३ |

(ख) खण्ड (क) बमोजिम खारेज गरिएका परिपत्रहरु बमोजिम भए गरेको काम कारवाही यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ ।

भवदीय

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा ।
४. बैकिङ्ग कार्यालय ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण बिभाग ।
७. बित्तीय संस्था सुपरिवेक्षण बिभाग ।
८. आन्तरिक लेखा परिक्षण विभाग ।
९. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१०. नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स, नक्साल ।
११. नेपाल नागरिक उड्डयन प्राधिकरण, केन्द्रीय कार्यालय बबरमहल ।
१२. नेपाल आयल निगम, केन्द्रीय कार्यालय, बबरमहल, काठमाण्डौ ।
१३. बोर्ड अफ एयरलाइन्स रिप्रिजेन्टेटिभ्स इन नेपाल, न्यूरोड,काठमाण्डौ ।

**रिप्याट्रिएशन फा.नं. १**

*(इ.प्रा. परिपत्र संख्याः ४९६)*

( इ.प्रा.परिपत्र संख्या -४९६ को प्रयोजनको लागि )

**एयरलाइन्स / जि.एस.ए./पि.एस.ए. /ट्राभल टूर एजेन्सीले विक्री गरेको हवाई टिकट वापत संकलित रकम रिप्याट्रिएशनको लागि प्रयोग गर्नु पर्ने फाराम**

**विक्री अवधि :मिति .....................देखि.............................सम्म)**

श्री .(बैंकको नाम)............................ मितिः

........(ठेगाना)................................

महाशय,

यस कार्यालयले देहाय बमोजिमको बिबरण अनुसार बिक्री गरेको हवाई टिकट बापत हुने तपसिल बमोजिमको रकम नेपाल राष्ट्र बैंक, बिदेशी विनिमय व्यबस्थापन बिभागको ई.प्रा.परिपत्रसंख्या:४९६ मिति २०६६/३/९ को परिपत्र बमोजिम यस कार्यालयको तहां स्थित बिदेशी मुद्रा रिप्याष्ट्रिएशन खाता नं......................................र नेपाली रुपैया खाता नं. .........................................मा खर्च गरी ...................... को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौ ।

| नेपाली रुपैयामा भएको बिक्री | | | | | | बिदेशी मुद्रामा भएको बिक्री | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रम संख्या | एयरलाइन्सको नाम | टिकट संख्या | कूल बिक्री रकम | कट्टा रकम (कमिशन आदि) | रिप्याट्रिएशन गर्नु पर्ने रकम | टिकट संख्या | कूल बिक्री रकम | कट्टा रकम (कमिशन आदि) | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
| | | | | | | | | | | |
| कूल जम्मा | | | नेपाली रुपैया | | | बिदेशी मुद्रा | | | | |

उपरोक्त बिबरण अनुसार यस कार्यालयबाट हवाई टिकट विक्री भएको सांचो हो । उल्लिखित बिबरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन ।झुट्ठा बिबरण पेश गरेको ठहरिएमा प्रचलित कानून/ नियम बमोजिम सहने / बुझाउने छौ ।

(आधिकारिक दस्तखत)

कम्पनीको नाम

इजाजतपत्र नम्वर

ठेगानाः

कम्पनीको छापः

वोधार्थ:

श्री नेपाल राष्ट्र बैंक

बिदेशी विनिमय व्यबस्थापन बिभाग

निरीक्षण तथा अनुगमन फांट

वालुवाटार, काठमाण्डौ

**रिप्याट्रिएशन फा.नं. २**

*(इ.प्रा. परिपत्र संख्याः ४९६)*

( <u>इ.प्रा.परिपत्र संख्या-४९६ को प्रयोजनको लागि )</u>

## <u>बिदेशी मुद्रामा कार्गो/कुरीयर विक्रीको बिबरण</u>

**<u>विक्री अवधि :मिति ....................देखि............................सम्म)</u>**

श्री .(बैंकको नाम)............................ मितिः

........(ठेगाना).................................

महाशय,

यस कार्यालयले देहाय बमोजिमको बिबरण अनुसार बिदेशी मुद्रामा बिक्री गरेको कार्गो/कुरियर बापत हुने कुल बिदेशी मुद्रा.................... (अक्षरेपी .............................................) को नेपाल राष्ट्र बैंक, बिदेशी विनिमय व्यबस्थापन बिभागको ई.प्रा.परिपत्रसंख्याः४९६ मिति २०६६/३/९ को परिपत्र बमोजिम यस कार्यालयको तहां स्थित बिदेशी मुद्रा खाता नं.....................................मा खर्च गरी .........................................को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौ ।

| क्रम संख्या | कार्गो/कुरियर पठाउनेको नाम (Consignor) | पाउनेको नाम (Consignee) | मिति | पठाएको स्थान | क्यारियरको नाम | एयरवे बिल/बिल अफ लेडिङ्ग/ बिजक/ इन्भ्वाइस नं. | विल/बिजक मुल्य | कमिशन | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

उपरोक्त बिबरण अनुसार यस कार्यालयबाट कार्गो/कुरियर विक्री भएको सांचो हो । उल्लिखित बिबरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन ।झुट्ठा बिबरण पेश गरी सटही लिएको ठहरिएमा प्रचलित कानून/ नियम बमोजिम सहने / बुझाउने छौ ।

(आधिकारिक दस्तखत)
कम्पनीको नाम
इजाजतपत्र नम्वरः
ठेगानाः
कम्पनीको छापः

<u>वोधार्थः</u>

श्री नेपाल राष्ट्र बैंक
बिदेशी विनिमय व्यबस्थापन बिभाग
निरीक्षण तथा अनुगमन फांट
वालुवाटार, काठमाण्डौ

**रिप्याट्रिएशन फा.नं. ३**

*(इ.प्रा. परिपत्र संख्याः ४९६)*

( **इ.प्रा.परिपत्र संख्या -४९६ को प्रयोजनको लागि )**

**नेपाली रुपैयामा कार्गो/कुरीयर विक्रीको बिबरण**

**विक्री अवधि :मिति .....................देखि.............................सम्म)**

श्री .(बैंकको नाम)............................ मितिः

........(ठेगाना).................................

महाशय,

यस कार्यालयले देहाय बमोजिमको बिबरण अनुसार नेपाली रुपैयामा बिक्री गरेको कार्गो/कुरियर बापत हुने कुल रु...................... (अक्षरेपी ............................................) को नेपाल राष्ट्र बैंक, बिदेशी विनिमय व्यबस्थापन बिभागको ई.प्रा.परिपत्रसंख्याः४९६ मिति २०६६/३/९ को परिपत्र बमोजिम यस कार्यालयको तहां स्थित खाता नं......................................मा खर्च गरी .........................................को नाममा भुक्तानी हुने गरी रिप्याट्रिएशन सुविधा उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछौ ।

| क्रम संख्या | कार्गो/कुरियर पठाउनेको नाम (Consignor) | पाउनेको नाम (Consignee) | मिति | पठाएको स्थान | क्यारियरको नाम | एयरवे बिल/बिल अफ लेडिङ्ग/ बिजक/ इन्भ्वाइस नं. | विल/बिजक मुल्य | कमिशन | रिप्याट्रियशन गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

उपरोक्त बिबरण अनुसार यस कार्यालयबाट कार्गो/कुरियर विक्री भएको सांचो हो । उल्लिखित बिबरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन ।भुmट्ठा बिबरण पेश गरी सटही लिएको ठहरिएमा प्रचलित कानून/ नियम बमोजिम सहने / बुझाउने छौ ।

(आधिकारिक दस्तखत)

कम्पनीको नाम

इजाजतपत्र नम्बरः

ठेगानाः

कम्पनीको छापः

वोधार्थः

श्री नेपाल राष्ट्र बैंक

बिदेशी विनिमय व्यबस्थापन बिभाग

निरीक्षण तथा अनुगमन फांट

वालुवाटार, काठमाण्डौ

**रिप्याट्रिएशन फा.नं. ४**

*(इ.प्रा. परिपत्र संख्याः ४९६)*

( **इ.प्रा.परिपत्र संख्या -४९६ को प्रयोजनको लागि** )

## ट्राभल टूर तथा कार्गो/कुरीयर एजेन्सीले विक्री गरेको हवाई टिकट तथा कार्गो/कुरीयरको बिबरण

**विक्री अवधि :मिति ....................देखि............................सम्म)**

श्री .(बैंकको नाम)........................... मितिः

........(ठेगाना)...............................

महाशय,

यस कार्यालयका देहाय एजेन्टहरुले हवाई टिकट तथा कार्गो/कुरीयर बिक्री गरेको बिबरण नेपाल राष्ट्र बैंक, बिदेशी विनिमय व्यवस्थापन बिभागको ई.प्रा.परिपत्रसंख्या:४९६ मिति २०६६/३/९ को परिपत्र बमोजिम पेश गरेको व्यहोरा अनुरोध गर्दछौ ।

| नेपाली रुपैयामा भएको बिक्री | | | | | | बिदेशी मुद्रामा भएको बिक्री | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्रम संख्या | एजेन्सीको नाम | टिकट बिक्री संख्या | कूल बिक्री रकम | कार्गो/कुरीयर विक्री संख्या | कूल रकम | टिकट बिक्री संख्या | कूल बिक्री रकम | कार्गो/कुरीयर विक्री संख्या | कूल रकम | कैफियत |
| | | | | | | | | | | |
| कूल जम्मा | | | नेपाली रुपैया | | | बिदेशी मुद्रा | | | | |

उपरोक्त बिबरण अनुसार अन्य बैंकबाट रिप्याट्रिएशन सुविधा लिएको छैन ।झुट्ठा बिबरण पेश गरेको ठहरिएमा प्रचलित कानून/ नियम बमोजिम सहने / बुझाउने छौ ।

(आधिकारिक दस्तखत)

कम्पनीको नाम

इजाजतपत्र नम्वर

ठेगानाः

कम्पनीको छापः

वोधार्थः

श्री नेपाल राष्ट्र बैंक

बिदेशी विनिमय व्यबस्थापन बिभाग

निरीक्षण तथा अनुगमन फांट

वालुवाटार, काठमाण्डौ

**रिप्याट्रिएशन फा.नं. ५**
*(इ.प्रा. परिपत्र संख्याः ४९६)*

( **इ.प्रा.परिपत्र संख्या-४९६ को प्रयोजनको लागि )**

**एयरलाईन्स/जि.एस.ए./पि.एस.ए.ले रिप्याट्रिएशनको लागि**
**अनुरोध गर्दा पेश गर्नु पर्ने फाराम**

श्री (बैकको नाम)
.......(ठेगाना)........
...............................

महाशय,

यस कार्यालय र यस्का स्थानीय विक्री एजेन्टबाट मिति ..............देखि ................मिति ............सम्मको अवधिमा बिदेशी मुद्रा र नेपाली रुपैयामा गरिएको हवाई टिकट र कार्गो तथा कुरियर विक्री वापत संकलित देहाय अनूसारको रकम नेपाल राष्ट्र बैंक, बिदेशी विनिमय व्यबस्थापन बिभागको ई.प्रा.परिपत्रसंख्याः४९६ मिति २०६६/३/९ को परिपत्र बमोजिम ..........................स्थित प्रिन्सिपल कम्पनी ......................... कोनाममा रिप्याट्रिएशन गर्न प्रचलित बजार बिनिमयदरमा सटही स्वीकृति उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

| | |
|---|---|
| **१. नेपाली रुपैयामा भएको विक्री** | **१. बिदेशी मुद्रामा भएको विक्री** |
| (क) संलग्न रिप्याट्रिएशन फा.नं.१ अनूरुप आफनो हवाई टिकट विक्री रकमः ............................ | (क) संलग्न रिप्याट्रिएशन फा.नं.१ अनूरुप आफनो हवाई टिकट विक्री रकमः ................... |
| (ख) संलग्न बिबरण बमोजिम एजेन्टहरुले विक्री गरेको हवाई टिकट रकम ............................ | (ख) संलग्न बिबरण बमोजिम एजेन्टहरुले विक्री गरेको हवाई टिकट रकम ................... |
| (ग) संलग्न रिप्याट्रिएशन फा.नं.३ अनुरुप आफनो कार्गो कुरियर विक्री रकम : ........................... | (ग) संलग्न रिप्याट्रिएशन फा.नं.२ अनुरुप आफनो कार्गो कुरियर विक्री रकम : .................. |
| (घ) संलग्न बिबरण बमोजिम एजेन्टहरुले विक्री गरेको कार्गो कुरियर रकम : ........................... | (घ) संलग्न बिबरण बमोजिम एजेन्टहरुले विक्री गरेको कार्गो कुरियर रकम : .. ................. |
| **कूल बिक्री रकम** | **कूल बिक्री रकम** |
| **न्यून संलग्न बिररण अनुसारको स्थानीय खर्च :** ............................. | **न्यून संलग्न बिररण अनुसारको स्थानीय खर्च** ................................. |
| **रिप्याष्ट्रिएशन गर्नु पर्ने रकम :** .............................. | **रिप्याष्ट्रिएशन गर्नु पर्ने रकम :** ................................. |

(आधिकारिक दस्तखत)
कम्पनीको नाम
इजाजतपत्र नम्बरः
ठेगानाः
कम्पनीको छापः

<u>वोधार्थः</u>

श्री नेपाल राष्ट्र बैंक
बिदेशी विनिमय व्यबस्थापन बिभाग
निरीक्षण तथा अनुगमन फांट
वालुवाटार, काठमाण्डौ